# आर्थिक वर्ष २०६२/०६३ मा आयोगबाट सम्पादित कार्यहरूको सारांश

## १. पृष्ठभूमि

लोक सेवा आयोगले विगत वर्षहरू जस्तै आर्थिक २०६२/०६३ मा पनि नेपाल अधिराज्यको संविधान, २०४७ अनुरूप आफ्नो जिम्मेवारी सम्पादन गरेको छ। आयोगमा हाल अध्यक्ष लगायत ६ जना सदस्यहरू वहाल हुनुहुन्छ। आयोग अन्तर्गत १ केन्द्रीय कार्यालय, ५ क्षेत्रीय निर्देशनालयहरू र ९ अञ्चल कार्यालयहरू विद्यमान छन्। जसमा विभिन्न तहका प्राविधिक र अप्राविधिक गरी कुल २८१ जना कर्मचारीहरूले दैनिक कार्य सम्पादनमा सहयोग पुर्‍याइरहेका छन्।

नेपाल अधिराज्यको संविधान - २०४७, लोक सेवा आयोगको (कार्यविधि) ऐन - २०४८ र लोक सेवा आयोगको (कार्यविधि) नियमावली - २०५० तथा निजामती सेवा ऐन, संसद सेवा ऐन, न्याय सेवा ऐन, स्वास्थ्य सेवा ऐन, महालेखा परीक्षक ऐन, नियममा भएका प्रावधान बमोजिम यस आयोगले आ.व. २०६२/०६३ मा माग सङ्कलनदेखि उपयुक्त उम्मेदवारहरूको छनौट गरी नियुक्तिको लागि सम्बन्धित निकायहरूमा सिफारिश गरिएको छ। त्यसै गरी निजामती सेवा शर्त सम्बन्धी विषयमा नेपाल सरकारलाई परामर्श दिने, विभिन्न बढुवा समितिमा संलग्न हुने, बढुवा सम्बन्धमा उजूरी सुनी निर्णय दिने, निजामती कर्मचारीलाई विभागीय कारबाही गर्ने सम्बन्धमा परामर्श दिने, विभिन्न कार्यालयहरूको दरबन्दी तथा पदपूर्ति सम्बन्धमा गरेका कार्यहरूको निरीक्षण गर्ने, पाठ्यक्रम निर्माण तथा सुधार गर्ने, शैक्षिक योग्यताहरूको निर्धारण गर्ने, लिखित परीक्षा सञ्चालन तथा अन्तर्वार्ता लिने र नियुक्तिका लागि सिफारिश गर्ने लगायतका कार्यहरू नियमित रूपमा गर्दै आएको छ।

निजामती सेवाको पदमा निष्पक्ष एवं योग्यताको आधारमा कर्मचारी नियुक्तिको लागि उपयुक्त उम्मेदवारहरू छनौट गरी सिफारिश गर्ने कार्य सम्पादन गर्ने सन्दर्भमा आयोगले परीक्षा पद्धति सम्बन्धी निर्देशिका - २०५९, पदपूर्ति सम्बन्धी निर्देशिका - २०५१, निरीक्षण निर्देशिका - २०५१, पारिश्रमिक दररेट सम्बन्धी निर्देशिका - २०५८ आदि तयार गरी सोही बमोजिम कार्य गर्ने गराउने गरेको छ। यसका साथै आयोगको कार्यमा चुस्तता ल्याउनका लागि प्रश्नपत्र निर्माण र परिमार्जन निर्देशिका - २०६३, अन्तर्वार्ता प्रविधि निर्देशिका - २०६३ र उत्तरपुस्तिका परीक्षण निर्देशिका - २०६३ तर्जुमा गरेको छ। यस क्रममा आयोगले विभिन्न क्षेत्र र विषयका दक्षहरूको सहयोग पनि निरन्तर रूपमा लिने गरेको छ।

## २. प्रमुख कार्यहरूको विश्लेषण

आ.व. ०६२/०६३ मा ८९ दिन आयोगको बैठक बसी ४३० वटा विभिन्न निर्णयहरू भएका छन्। आयोगका पदाधिकारीहरूले विभिन्न संस्था, समिति र आयोगका विभिन्न २५९ बैठकमा सहभागिता जनाएका छन्।

यस आ.व. मा केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरू र अञ्चल कार्यालयहरूमा विभिन्न सेवा समूह, श्रेणी र तहका प्राविधिक तर्फ १३२७ र अप्राविधिक तर्फ ६५२ गरी कुल १९९७ पदको माग संकलन गरिएको छ ।

यस अवधिमा आयोगबाट ४२६ सरकारी कार्यालयहरूको निरीक्षण गरियो भने कुल १,४६६ प्रश्नपत्रहरू निर्माण र कुल ९८९ प्रश्नपत्रहरू मोडरेशन गरियो । यसका साथै २४७ वटा विज्ञापन र ८२ वटा सूचना गरी जम्मा ३२९ विज्ञापन/सूचनाहरू प्रकाशित गरिएको छ । प्रकाशित विज्ञापन/सूचनामा रा.प.तृतीय श्रेणी अप्राविधिकको प्रारम्भिक परीक्षामा समेत गरी महिला २०,६२० जना र पुरुष ६९,७३० जना समेत जम्मा ९०,३५० व्यक्तिहरूले दरखास्त दर्ता गरेका छन् । १४५ दिन लिखित परीक्षा सञ्चालन यसै वर्ष सम्पन्न भएको छ । लिखित परीक्षाका सफल उम्मेदवारहरूको लागि १८६ दिन अन्तरर्वार्ता संचालन गरी कुल १८०५ उम्मेदवारहरू छनौट गरी सम्बन्धित सरकारी निकायहरूमा नियुक्तिका लागि सिफारिश गरी पठाइएको छ । यस आयोगबाट सिफारिश भएका मध्ये ३३८ अर्थात् १८.७३  प्रतिशत महिला छन् ।

आ.व. २०६०/६१ का २ वटा विज्ञापन, आ.व. २०६१/६२ का २१३ वटा विज्ञापन र यस आ.व. मा प्रकाशन भएका मध्ये १६२ विज्ञापन समेत जम्मा ३७७ वटा विज्ञापनहरूबाट माग भएका कुल १८०५ पदहरूका लागि उपयुक्त उम्मेदवारहरू यस आ.व.मा सिफारिश गर्ने कार्य सम्पन्न गरिएको छ । सिफारिश भएकाहरू मध्ये ३३८ जना  अर्थात् १८.७३ प्रतिशत महिला र १४६७ जना अर्थात् ८१.२७ प्रतिशत पुरुष हरू छन् । सेवागत रूपमा हेर्दा निजामती सेवा तर्फ १०९४, न्याय सेवा तर्फ १२६, स्वास्थ्य सेवा तर्फ ५४०, संसद सेवा तर्फ २६ र म.ले.प तर्फ १९ पदका लागि सिफारिश गरिएको छ । अघिल्लो आ.व.को तुलनामा यस वर्ष विज्ञापन तथा सूचनाको संख्या १३७ ले घटी हुन गएको छ भने दरखास्त दर्ता संख्या १७,१२६ ले कम छ । तर, कुल सिफारिश संख्या भने ३२२ ले बढी भएको छ । यस अवधिमा लोक सेवा आयोगद्वारा सञ्चालित प्रतियोगितात्मक परीक्षाहरूमा महिला सिफारिशको संख्या गत वर्ष भन्दा ६५ ले बढी छ । साथै विभिन्न जनजातिको संख्यामा क्रमशः बृद्धि हुँदै गएको देखिएको छ ।

आयोगले गत आ.ब. हरूका बाँकी समेत गरी चालू आ.व. मा सिफारिश गरेका पदहरूमा करिव १ लाख २० हजार दरखास्त परेकोमा करिब ६९ हजार ब्राम्हण जातिवाट दरखास्त प्राप्त भएको देखिन्छ भने क्षेत्री, नेवार, किरात/राई, गुरुङ्ग, शेर्पा जातिवाट क्रमशः करिब २३ हजार ४ सय, ७ हजार ३ सय, १ हजार ८ सय, ५ सय १२ र ७३ देखिन्छ । दलित जनजातिको दरखास्त संख्या १२०० को हाराहारीमा र अन्य जातिको दरखास्त संख्या १० हजार ७ सय रहेको देखिन्छ । विज्ञापित पदहरूमा १,०७१ ब्राम्हण, ३३२ क्षेत्री, १३६ नेवार, २२ किरात/राई, ४ गुरुङ्ग, २६ मगर, १३ तामाङ्ग, २९ थारु, १८ दलित, अन्य जनजाति १५२ र शेर्पा र मुसलमान जातिबाट १/१ जना सिफारिश भएका थिए ।

मातृभाषागत रूपमा हेर्दा दनुवार, सुनुवार, उर्दु र थकाली मातृभाषा रहेका उम्मेदवारहरूको सिफारिश संख्या शून्य छ । मातृभाषा नेपाली भएका करिब ९८ हजार उम्मेदवारहरूले दरखास्त दिएकोमा १४८० जना सिफारिश भएका छन् । मातृभाषा मैथली र नेवारी भएका मध्ये क्रमशः करिब ८ हजार ५ सय र ४ हजार ३ सयको हाराहारीमा दरखास्त भरेका उम्मेदवार मध्ये क्रमशः १३१ र ७९ जनाको सिफारिश भएको देखिन्छ ।

विभिन्न विज्ञापनहरूमा ५२,७०० को हाराहारीमा विद्यार्थी पेशामा रहेका उम्मेदवारहरूले दरखास्त भरेकोमा ६५१ जनालाई सिफारिश गरिएको थियो भने निजामती सेवामा कार्यरत २५८०० को हाराहारीमा दरखास्त भरेका उम्मेदवार मध्ये ५५६ जना सिफारिश भएका छन् ।

करिब २९,२०० मानविकी सङ्कायमा अध्ययन गरेका, २७,५०० प्राविधिक शिक्षा अध्ययन गरेका उम्मेदवारहरूले दरखास्त दर्ता गराएकामा क्रमशः ३२० जना र ८८३ जना सिफारिश भएका छन् । दरखास्त दिनेहरू मध्ये विज्ञान विषय अध्ययन गरेका ३९ जना मात्र सिफारिश भएका छन् ।

आयोगबाट सिफारिश हुने सफल उम्मेदवारहरूको बाबु आमाको पेशालाई विचार गर्दा कृषि पेशा अंगाल्ने बाबु आमाका छोराछोरीहरू बढी संख्यामा सिफारिश भएको पाइयो । विभिन्न विज्ञापनहरूमा करिब ९४ हजार ७ सय कृषि पेशा अंगाल्ने बाबुआमाका छोराछोरीहरूले दरखास्त दर्ता गराएकोमा १४१८ जनालाई आयोगबाट सिफारिश गरिएको छ । प्रहरी र सेना पेशा अंगाल्ने बाबु आमाका छोराछोरीले न्यून मात्रामा आयोगको विज्ञापनहरूमा दरखास्त दिएको पाइन्छ । निजामती सेवामा कार्यरत कर्मचारीका छोराछोरीहरू करिब १३ हजार ४ सय ले दरखास्त दर्ता गराएकोमा १९९ जना सिफारिश भएका छन् । क्षेत्रगत आधारमा हेर्दा मध्यमाञ्चल विकास क्षेत्रवाट दरखास्त दिने र सिफारिश हुनेको संख्या सवै भन्दा बढी र सुदूरपश्चिमाञ्चलबाट सवै भन्दा कम रहेको देखिन्छ ।

यस आर्थिक वर्षमा विभिन्न पद, सेवा, समूह, उपसमूह, श्रेणी/तह गरी जम्मा ४३ वटा पदको विभिन्न विषयका पाठ्यक्रम तर्जुमा एवं परिमार्जन भएको छ ।

यस आ.व. मा ३३७ जना निजामती कर्मचारीलाई विभागीय सजायको लागि परामर्श पठाइएको छ । यसैगरी बढुवा सम्बन्धी २८ वटा उजुरीको निर्णय भएको छ भने आयोगलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत एवं पुनरावेदन अदालतहरूमा दायर गरिएका ७२ वटा रिटको जवाफ पठाइएको छ । चालु आ.व.मा विभागीय सजाय परामर्शको संख्या गत वर्ष भन्दा ९० ले बढेको र बढुवा उजुरीको संख्या १८ ले घटेको छ ।

आ.व. २०६२/०६३ मा आयोगले दरखास्त फाराम, पाठ्यक्रम, बुलेटिन, निजामती सेवा पत्रिका आदिको बिक्री वितरणबाट करिव रु.२ करोड १५ लाख राजस्व संकलन गरेको छ । यस आ.व.मा आयोग र अन्तर्गतका कार्यालयहरूका लागि रु. ९ करोड ४४ लाख २० हजार बजेट स्वीकृत भएकोमा रु. ८ करोड ९७ लाख ५७ हजार खर्च भएको छ । अघिल्लो वर्षको तुलनामा रु. ६० लाख ५० हजार घटी राजस्व संकलन भएको छ भने कुल खर्च २ करोड ४ लाख १५ हजारले बढेको छ ।

## ३. उपसंहार

I. रिक्त पदको माग समयमा प्राप्त हुन नसक्नु, पाठ्यक्रम सुधार तथा निर्माणमा दक्षहरूको समयोचित व्यवस्था हुन नसक्नु, नीति नियम परामर्शमा नेपाल सरकारसंग अपेक्षित समन्वय हुन नसक्नु, उजुरीहरूको संख्या दिनानुदिन बढ्दै गएकोले समयमा फछ्र्यौट हुन नसक्नु, आयोगले आफ्नो कार्यतालिकालाई विभिन्न कारणले पूर्ण रूपमा अवलम्बन गर्न कठिनाई हुनु, बजेट तथा

भौतिक सामग्रीको पर्याप्त व्यवस्था हुन नसक्नु जस्ता समस्याहरू विगतमा जस्तै यसपालि पनि आयोगले व्यहोर्नु परेको छ ।

II. संवैधानिक रूपमा आयोगबाट परामर्श लिनु पर्ने प्रावधान रहेका विषयहरूमा आयोगबाट परामर्श माग गर्ने गरेतापनि दिएको परामर्शलाई व्यवहारमा नल्याएको कुरा आयोगको जानकारीमा आएको छ । अतः आयोगको काममा सहयोग गर्न र दिईएका परामर्शहरूलाई पालना गरी निजामती सेवालाई अझ बढी निष्पक्ष, निष्कलङ्क र मर्यादित बनाउन सम्पूर्ण सरकारी निकायहरूलाई आयोग अनुरोध गर्दछ ।

III. विभिन्न समस्याहरूको वावजूद आयोगले संविधानको मर्म एवं नेपाली जनताको भावनाअनुरूप प्रचलित कानूनको अधीनमा रही निष्पक्ष तथा तटस्थ रूपमा संवैधानिक एवं कानूनी दायित्व निर्वाह गरी उच्च छवि कायम राखी आएको छ र भविष्यमा पनि यस तर्फ सचेत रही निष्पक्ष एवं तटस्थ रूपमा कार्य सम्पादन गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

## संख्यात्मक विवरण

| क्र. सं. | कार्यहरूको विवरण | संख्या | |
|---|---|---|---|
| | | ०६१।०६२ | ०६२।०६३ |
| १. | आयोगको बैठक दिन | ८२ | ८९ |
| २. | आयोगको निर्णय संख्या | ३२५ | ४३० |
| ३. | विभागीय सजाय परामर्श सम्बन्धी निर्णय संख्या | २०४ | २९४ |
| ४. | बढुवा सिफारिश एवं उजूरी सम्बन्धी निर्णय संख्या | ४६ | २८ |
| ५. | नीति नियम, शैक्षिक योग्यता सम्बन्धी  निर्णय | १६ | ३१ |
| ६. | पाठ्यक्रम निमार्ण/परिमार्जन | ८३ | ४३ |
| ७. | विभागीय सजाय परामर्श कर्मचारी सख्या | २६८ | ३३७ |
| ८. | आयोगका पदाधिकारीले विभिन्न समिति, संस्था, आयोगमा संलग्नता | २४८ | २५९ |
| ९. | रिट निवेदनको जवाफ | १०८ | ७२ |
| १०. | कार्यालय निरीक्षण संख्या | ४०२ | ४२६ |
| ११. | विभिन्न रिक्त पद माग संकलन | २,६३१ | १९७९ |
| १२. | विज्ञापन प्रकाशन संख्या | ४६६ | ३२९ |
| १३. | विभिन्न पदका लागि दर्खास्त दर्ता | १,०७,४७६ | ९०३५० |
| १४. | कुल दरखास्तमध्ये महिलाको | २२,३१० | २०६२० |
| १५. | प्रश्न पत्र निर्माण | ९६७ | १४६६ |
| १६. | प्रश्न पत्र मोडरेशन संख्या | ५९७ | ९८९ |
| १७. | लिखित परिक्षा संचालन संख्या (दिन) | २५२ | १४५ |
| १८. | उत्तर पुस्तिका परिक्षण संख्या | १,३५,७१५ | १,६२९२० |
| १९. | लिखित परिक्षाको नतिजा संख्या | २२८ | ३७२ |
| २०. | सिफारिस उम्मेदवार संख्या | १,४८३ | १८०५ |
| २१. | सिफारिस उम्मेदवार मध्ये महिलाको संख्या | २७३ | ३३८ |
| २२. | अन्तर्वाता दिन | २७३ | १८६ |
| २३. | आयोग /अन्तर्गतमा कार्यरत कर्मचारी | २८३ | २८१ |
| २४. | राजस्व संकलन रु.(हजारमा) | २७४५९ | २१४०८ |